परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

'कोशीको गौरव हिमालको सान
पर्यटन वर्षमा सबैलाई सम्मान'
कोशी प्रदेश पर्यटन वर्ष,
२०८२ सफल पारौं ।
प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश नेपाल

❑ वर्ष १४ ❑ अंक ३२ २०८२ फागुन २४ आइतवार Sunday, 4 MAR 2026 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

# मोरङको ६ वटै क्षेत्रमा रास्वपाको विजय ९२ जना उम्मेद्वारहरूको जमानत जफत


मोरङ १ यज्ञमणी न्यौपाने


मोरङ २ कृष्ण कुमार कार्की


मोरंङ ३ गणेश कार्की


मोरङ ४ संतोष राजवंशी


मोरङ ५ आषा झा


मोरंङ ६ रुविना आचार्य

विराटनगर । प्रतिनिधिसभा सदस्य निर्वाचन अन्तरगत मोरङ क्षेत्र नं. १, २, ३, ४, ५ र ६ को अन्तिम मतपरिणाम सार्वजनिक भएको छ । ६ वटै क्षेत्रबाट राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवारहरु विजयी हासिल गरेका छन् । त्यसैगरी ६ वटै क्षेत्रमा ९२ जना उम्मेदवारको जमानत जफत भएकोछ ।

जमानत जोगाउनका लागि कुल सदर मतको १० प्रतिशत मत ल्याउनुपर्ने हुन्छ । ९२ जना उम्मेदवारले सदरमतको १० प्रतिशत मत ल्याउन सकेनन् ।

मोरङ १ मा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार यज्ञमणी न्यौपानेले २७ हाजार ३६७ मत ल्याएर विजय हासिल गरेका छन् । वहाँको निकटतम प्रतिद्धन्दी श्रम संस्कृति पार्टीका शान्ति पाखिन लामाले १७ हजार ५२२ मत ल्याएर विजय भएकी छिन् ।

जमानत जोगाउनेहरुमा कांग्रेसका खड्ग बहादुर फागोले ११ हजार ९८६ ल्याएको छ भने नेकपा एमालेका घनश्याम खतिवडाले ९ हजार ८२३ मत ल्याएका छन् ।

जमानत जफत हुनेहरुमा १३ जना उम्मेदवार रहेका छन् । जसमा नेकपाका कुल प्रसाद सम्बा, मंगोल नेशनल अर्गनाइजेसनका सुरज लिम्बु, राप्रपाका पूर्ण वहादु वाईमा तामांग, राष्ट्रिय परिवर्तन पार्टीकी दुर्गा कुमारी तामांग, संघिय लोकतान्त्रिक राष्ट्रिय मंचकी दिल कुमारी लावती, नेकपा माओवादीका डिल्लीराम नेपाली, नेपाल जनमुक्ति पार्टीका फिव राज लिम्बु, मित्रेरी पार्टी नेपालका डिल्लीराम लिम्बु र स्वतन्त्र प्रेम वर्देवा, इशोर वाग्ले, याम प्रसाद दहाल, मिलन भण्डारी, पशुपति घिमिरे रहेका छन् ।

मोरङ २ राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार कृष्ण कुमार कार्कीले ४० हजार ९२४ मत ल्याएर विजय भएको छ । वहाँको निकटतम प्रतिद्धन्दी नेकपा एमालेका उम्मेदवार दिलिप कुमार अग्रवाल दोस्रो भएको छ । वहाँ मोरंगका रंगली नगरपालिकाको मेयर पदवाट राजीनामा दिएर निर्वाचनमा होमिएका थिए ।

जमानत जोगाउनेमा नेपाली काँग्रेसका मिनेन्द्र प्रसाद रिजालले १२ हजार ७३४ मत ल्याएका छन् । जमानत जफत हुनेहरुमा १४ जना उम्मेदवारको जमानत जफत भएको छ । जसमा श्रम संस्कृति पाटीका अबुहो रैरह, नेकपाका चन्द्रवीर राई, राप्रपाका कंशराज राजवंशी, जनतम पार्टीका घनश्याम चौधरी, राष्ट्रिय परिवर्तन पार्टीका धन बहादर सुनुवार, मंगोल नेशनल अर्गनाइजेसनका धन बहादुर लिम्बु, जसपाका विनोद कुमार सिंह गनगाई, नेकपा माओ वादीका मेघेन्द्र कुमार रोक्का, राष्ट्रिय मुक्ति पार्टी नेपालका माधव प्रसाद राजवंशी, राष्ट्रिय उर्जाशील पार्टीका मनोज कुमार राजवंशी र स्वतन्त्र अनिल कुमार साह, राजन निरौला, बुधु ऋषिदेव, नरेश कुमार साह रहेका छन् ।

मोरङ ३ मा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार गणेश कार्कीले २४ हजार ९२० मत ल्याएर विजय भएको छ । वहाँको निकटतम प्रतिद्धन्दी नेपाली

वांकी अन्तिम पेजमा...

# बालेनले मारे बाजी

विराटनगर । देशभरी नै चर्चामा रहेको प्रतिनिधि सभा निर्वाचन झापा-५ मा भारी मतले रास्वपाका उम्मेदवार बालेन शाह बाजी मारेका छन् ।

शाहले ६८ हजार ३ सय ४८ मत प्राप्त गरी बाजी मारेका हुन । वहाँको प्रतिद्धन्दी नेकपा एमालेका उम्मेदवार केपी शर्मा ओलीले १८ हजरा ७३४ मत प्राप्त भएकोछ ।

बाजी मारेका शाह केही दिनमा नेपालको प्रधानमन्त्री बन्नु हुनेछ ।

# मोरङमा ६४ दशमलव ५६ प्रतिशत मतदान

विराटनगर । प्रतिनिधिसभा सदस्य निर्वाचन अन्तरगत विहीवार मोरङमा ६४ दशमलव ५६ प्रतिशत मतदान भएको छ । क्षेत्र नं ५ मा सवै भन्दा बढी ७१ दशमलव २८ र सवै भन्दा कम मोरङ क्षेत्र नं. १ मा ६० दशलमव ३६ प्रतिशत मतदान भएको छ ।

जिल्ला प्रशासन कार्यालयका अनुसार विहीवार विहान ७ वजेदेखि साँझ ५ वजे सम्ममा ६४ दशमलव ५६ प्रतिशत मतदान भएको छ । ७ लाख ८३ हजार ५० जना मतदाता रहेको मोरङमा ५ लाख ५ हजार ५१४ जनाले मतदान गरेका हुन । जसमा महिला २ लाख ६२ हजार १९६ र पुरुष २ लाख ४३ हजार ३१६ जनाले मतदान गरेका छन् ।

मोरङ क्षेत्र नं. १ मा ६० दशमलव ३६ , २ मा ६२ दशमलव ९७ , ३ मा ६१ दशमलव १७, ४ मा ६७ दशमलव १५ , ५ मा ७१ दशमलव २८ र ६ मा ६६ दशमलव २३ प्रतिशत मतदान भएको जिल्ला प्रशासन कार्यालयका मोरंगका प्रमुख जिल्ला अधिकारी यूवराज कट्टेलले जानकारी गराएको थिए ।

# प्रादेशिक अस्पताल नबनेको झोकमा मतदान बहिस्कार


विराटनगर । प्रादेशिक अस्पताल बनाउने प्रक्रिया शुरु भएर पनि अस्पताल नबनेको झोकमा ओखलढुंगाको मानेभन्ज्याङ ७ स्थित शहिद स्मृति आधारभूत विद्यालय सातसल्ले मतदान केन्द्रमा मतदान नगरी आमजनताले बहिस्कार गरेका थिए ।

उक्त केन्द्रमा समानुपातिक तर्फ जम्मा ४ मत खसेको थियो । प्रत्यक्ष तर्फ भने सो केन्द्रमा सून्य मत खसेको थियो ।

बिहान ७ बजे देखि साँझ ५ बजेसम्म मतदान केन्द्र खुल्ला राखिएको तर एक जना पनि मतदान गर्न नआएको मतदान अधिकृत परवासी राईल जानकारी गराएका थिए ।

प्रादेशिक अस्पताल नबनेकोमा असन्तुष्टि जनाउँदै टोक्सेलका स्थानीयले मतदान बहिस्कार गरेको वडाअध्यक्ष विष्णुप्रसाद गौतमले जानकारी दिएका थिए । निर्वाचन गराउन निर्वाचन केन्द्रमा खटिएका चार जना कर्मचारीले समानुपातिकतर्फ मतदान गरेका थिए । सो केन्द्रमा ७०१ जना मतदाता रहेका छन् ।

आर्या न्यूरो हस्पिटल
कञ्चनबारी, विराटनगर-३
नि:शुल्क न्यूरो OPD
समय: १२:00 बजे देखि
तलका मध्ये कुनै समस्या देखिएमा
- टाउको दुख्ने, टाउको भारी हुने
- हात खुट्ट दुख्ने, हात खुट्ट नचल्ने (Paralysis) हुनु
- हात खुट्ट गल्ने, लुलो हुने, हिड्न उभिन गाह्रो हुने
- हात खुट्टा झमझम गर्ने, पोल्ने, हात खुट्टा काम्ने
- घाँटी पछाडि दुख्ने, ढाड दुख्ने
- मुख बाङ्गिने, आँखा बन्द नहुने, एउटै कुरा दुइटा देख्ने
- खाने कुरा निल्न गाह्रो हुने, बोली नआउने
- (प्रष्ट आवाज नआउने)
- चक्कर लाग्ने, हिड्दा लड्ने
- मिर्गी लाग्ने, छारे लाग्ने, बेहोस हुने
- कुराहरू बिर्सने, बेसुरका कुराहरू गर्ने




डा. पंकज राज नेपाल
वरिष्ठ न्यूरो सर्जन तथा प्रबन्ध निर्देशक
9802760888

क्राईम अपरेशन
Crime Operation साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## नेपाल...

र सञ्चालकले यस्तो भूमिका निर्वाह गर्न सक्ने अपेक्षा व्यवहारिक हुँदैन ।

यही कारण राष्ट्र बैंकको स्वायत्तता केवल कानुनी शब्दमा सीमित हुनु हुँदैन । नियुक्ति प्रक्रियामा राजनीतिक हस्तक्षेप न्यून गर्ने स्पष्ट मापदण्ड, खुला प्रतिस्पर्धामार्फत योग्य व्यक्तिको छनोट, स्वतन्त्र सिफारिस समिति र संसदीय सुनुवाइजस्ता संरचनात्मक सुधार अपरिहार्य देखिन्छन् । नियुक्ति पश्चात् गभर्नर तथा सञ्चालकलाई नीतिगत निर्णयका कारण पदमुक्त गर्ने वा दबाब सिर्जना गर्ने सम्भावना बन्द गर्न कानुनी सुरक्षा पनि आवश्यक हुन्छ ।

नेपालको आर्थिक संरचना अझै पनि बाह्य निर्भरता, कमजोर उत्पादन आधार, सीमित रोजगारी सिर्जना र वित्तीय क्षेत्रको असन्तुलित विस्तारको चक्रमा अल्झिएको छ । यस्तो अवस्थामा मौद्रिक नीतिको स्थिरता र नियामक संस्थाको विश्वसनीयता नै अर्थतन्त्रको अन्तिम भरोसा बन्ने गर्छ । राष्ट्र बैंकमाथि आम नागरिक, लगानीकर्ता र अन्त र्राष्ट्रिय साझेदारको विश्वास कमजोर भयो भने त्यसको असर पूँजी प्रवाहदेखि मुद्रा स्थायित्वसम्म फैलिन सक्छ ।

यसैले राष्ट्र बैंकलाई स्वायत्त बनाउने बहस कुनै प्रशासनिक सुधारको सामान्य विषय होइन । यो मुलुकको आर्थिक शासन, लोकतान्त्रिक उत्तरदायित्व र संस्थागत परिपक्वताको परीक्षा हो । ऐन संशोधनले नयाँ अधिकार र संरचना त दिन सक्छ । तर व्यवहारमा राजनीतिक हस्तक्षेप, नियुक्तिमा पहुँचको राजनीति र नीतिगत निर्णयमा दबाबको संस्कृति अन्त्य हुन सकेन भने राष्ट्र बैंक फेरि पनि कानुनी रूपमा मात्र स्वायत्त रहनेछ ।

आजको सन्दर्भमा राष्ट्र बैंकलाई चाहिएको स्वतन्त्रता सरकारसँग टकराव गर्न होइन, मुलुकको दीर्घकालीन हित सुरक्षित गर्न हो । गभर्नर र सञ्चालकले सरकारका लागि होइन, नागरिक र अर्थतन्त्रका लागि उत्तरदायी हुने संस्थागत संस्कृति विकास गर्न सकिएन भने 'स्वायत्त केन्द्रीय बैंक' केवल भाषण र प्रतिवेदनमा सीमित शब्दमै सीमित रहनेछ । त्यसैले राष्ट्र बैंकलाई साँच्चिकै स्वायत्त बनाउने निर्णायक आधार ऐनका धाराभन्दा बढी नियुक्ति प्रक्रियामा देखिने राजनीतिक संयम, पारदर्शिता र योग्यता केन्द्रित सोचमै निर्भर छ । यही परिवर्तनबिना राष्ट्र बैंकको हैसियत सरकारको आर्थिक सल्लाहकारभन्दा बढी सत्ता व्यवस्थाको एउटा औजारमै सीमित रहने जोखिम अझै कायम रहनेछ । (लेखक :- बोहोरा अर्थ सवाल साप्ताहिक का सम्पादक हुनुहुन्छ)




## मोरङको...

काँग्रेसका डा. सुनिल शर्माले १५ हजार ३१० मत ल्याएर दोस्रो भएका छन् ।

जमानत जोगाउनेमा श्रम संस्कृति पार्टीका अमिर मगर ९ हजार ४७५ मत ल्याएका छन । त्यसैगरी जमानत जफत हुनेहरुमा १५ जना उम्मेदवार रहेका छन् । नेकपा एमालेका इरन कुमार राई, नेकपाका डा. देउमान सम्वाहाङ्फे, राप्रपाका प्रेम प्रसाद सुवेदी, उज्यालो नेपाल पार्टीका मित्रसेन योनजन, मंगोल नेशनल अर्गनाइजेसनका विकेन्द्र राई, संघिय लोकतान्त्रिक राष्ट्रिय मंच डिल्ली बहादुर जगेबु, नेकपा माओवादीका खड्ग बहादुर कार्की, संयुक्त नागरिक पार्टीका विदुर अधिकारी, नेमकिपाका प्रशुराम विश्वास थारु, जय मातृ भूमि पार्टीका नवराज मास्के, आजपा कमल कुमार राई, राष्ट्रिय उर्जाशील पार्टीका भूवन कुमार वाग्ले, जसपाका मजेबुल रहमान र स्वतन्त्र गणेश मिश्र, तेज प्रसाद भण्डारी रहेका छन् ।

मोरंङ ४ बाट सन्तोष राजवंशीले ४ हजार ८३३ मत ल्याएर विजय भएका छन् । निकटतम प्रतिद्धन्दी नेपाली कांग्रेसका उम्मेदवार गुरुराज घिमिरेले १२ हजार ८१८ मत प्राप्त गरी दोस्रो भएका छन् ।

मोरङ ४ मा १७ जनाको भएको छ । जमानत जफत हुने उम्मेदवारहरुमा नेकपा एमालका जीवन घिमिरे, नेकपाका मअनलाल मोदी, राप्रपाका माधव प्रसाद आचार्य, श्रम संस्कृति पार्टीका कुष्ण कुमार अटल, जनमत पार्टीका जिवन कुमार गुप्ता, राष्ट्रिय निर्माण दल नेपालका कल्पना देवी यादव, मंगोल नेशनल अर्गनाइजेसनका गोछा राई, आजपाका अशोक शर्मा, जसपाका तवरेज अखतर आलम, समावेश समाजवादी पार्टीका नुमा लिम्बु, नागरिक उन्मुक्ति पार्टीका हरि नारायण चौधरी, नेपाल मजदुर किसान पार्टीका जयराम थारु, स्वतन्त्र भक्त मणी दहाल, ज्ञानेन्द्र खत्री, विनोद कुमार कार्की, हरनु मुसहर रहेका छन् ।

त्यसैगरी मोरङ ५ मा राष्ट्रिय स्वतन्त्र पार्टीकी उम्मेदवार आशा झाले ३० हजार ४३४ मत ल्याएर विजय भएकी छिन् । वहाँको निकटम प्रतिद्धन्दी नेपाली काँग्रेसका फूल कुमार लालवानीले ९ हजार ४१५ ल्याएर दोस्रो भएको छ । जसपाका राजकुमार यादव र नेकपाका शिवकुमार मण्डलले जमानत जोगाएको छ भने नेकपा एमालेका मनोज कुमार अग्रवाल र राष्ट्रिय उर्जाशील पार्टीका योगेन्द्र मण्डल लगायत १८ जना उम्मेदवारको जमानत जफत भएको छ ।

मोरङ ५ मा जमानत जफत हुने उम्मेदवाहरुमा राप्रपाका कुमोद राय, जनमत पार्टीका परमेश्वर मुर्मु, नेपाल कम्युनिष्ट पार्टी माओवादीका गंगा प्रसाद गिरी, प्रगतीशील लोकतान्त्रिक पार्टीका राजेन्द्र प्रसा मण्डल केवट, संघिय लोकतान्त्रि राष्ट्रिय मंजका मंगल ऋषिदेव, नेपाल मजदुर किसान पार्टीका गंगा कुमारी राजवंशी, मंगोल नेशनल अर्गनाइजेसनका सकुन्तला श्रेष्ठ र स्वतन्त्र अमर कुमार यादव, राजकुमार राजवंशी, सुजित कुमार साह, ममता यादव, विकास श्रेष्ठ, सुर्यनारायण ठाकुर, जय नारायण शर्मा रहेका छन् ।

मोरंङ ६ मा राष्ट्रिय स्वतन्त्र पार्टीको उम्मेदवार रुविना आचार्यले ५५ हजार ५१३ मत ल्याएर विजय भएकी छिन् । वहाँको निकटतम प्रतिद्धन्दी नेपाली काँग्रेसका उम्मेदवार डा. शेखर कोईरालाले १२ हजार ८५० मत ल्याएर दोस्रो भएको छ ।

जमानत जफत हुनेमा १५ जना उम्मेदवारहरु रहेका छन् । जसमा नेकपा एमाललेका विनोद प्रसाद ढकाल, श्रम संस्कृति पाटीका मातृका पौडेल, राप्रपाका सविन निरौला, नेकपाका ओपेन्द्र कुमार राय, जनमतका सुधराम माझी, उज्यालो नेपाल पाटीका बसन्त बुढाथोकि, सार्वभौम नागरिक पार्टीकी प्रिति झा, जसपाका राजु मण्डल राजवंशी, नेकपा माओवादीका कुमार प्रसाद खतिवडा, नागरिक उन्मुक्ति पार्टीका बलराम खवास, आजपाका बद्री पासवान, मंगोल नेशनल अर्गनाईजेसनका अनु मगर र स्वतन्त्र उत्तम दहाल, किरण खड्का खडानन्द रिजाल रहेका छन् ।

# प्रजातन्त्रका आधारभूत पक्ष

*- संवैधानिक सर्वोच्चता ।*

*- बहुलवादको सम्ममान ।*

*- विधिको शासन ।*

*- शक्ति पृथकीकरण ।*

*- आवधिक निर्वाचन ।*

*- मौलिक हक ।*

*- मानव अधिकार ।*

*- प्रेस तथा वाक स्वतन्त्रता ।*

*- सामाजिक न्याय तथा समावेशीकरण ।*

*- आर्थिक, सामाजिक तथा सास्कृति विकास लगायतका पक्षहरु ।*

**नेपाल सरकार, विज्ञापन बोर्ड**

# विराटनगर महानगरपालिकाको सूचना

- ❐ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- ❐ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- ❐ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- ❐ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- ❐ छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- ❐ सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- ❐ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- ❐ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- ❐ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- ❐ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- ❐ बालश्रम शोषण समाजिक अपराध हो ।
- ❐ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- ❐ सार्वजनिक स्थलमा जतातते फोहोरमैला नफालौं ।

# पूर्वाधार विकास कार्यालय
## विराटनगर, मोरंग

## पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

- सडकमा घरपालुवा चौपायाहरू बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रुख विरुवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादी निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकाको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरूले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ बाँयामा क्षति हुनेकुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाईं हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवास निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिस्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधीकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुल, पुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिम रहित पुर्वाधार सेवा प्राप्ती नागरीक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।

परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक
प्रवन्ध निर्देशक : सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२, ९८०७३५२२१३
संवाद दाता : मंजु शर्मा कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट : विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# परिवर्तनको अनुभूति हुने गरी जनचहाना अनुसार काम गर

प्रतिनिधीसभाको निर्वाचन विहीवार सम्पन्न भएको छ । सत्ता संचालन गर्दै आएका पुराराजनीतिक दलहरुका उम्मेदवारहरु माथि रिस पोख्दै नयाँराजनीतिक दलराष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवारहरुलाई भारीमतले आम मतदाताहरुले विजय गराइ सकेका छन् । केही निर्वाचन क्षेत्रमा परिणम आउन वाँकीरहेको छ । परिणाम आएका मध्येवाट सिधै आम मतदाताले आकलन गरेको छ किरास्वपाको बहुमतको सरकार बन्छर त्यो सरकार ५ वर्ष जनता प्रति सर्पित हुने विश्वास लिएको छ ।

अब साधारण नारा मात्र होइन, सरकारको बहुमतले जनताले चाहेको 'परिवर्तन' को वास्तविक अनुभुति दिने चुनौती पनि उठाएको छ । हालको मतपरिणामले देखाएको शक्ति (प्रत्यक्षर समानुपातिक दुवै मिलाएर) अब घोषणामा सीमितराख्नु हुँदैन; तत्कालर दीर्घकालीन, दुवै तहमा स्पष्ट, नापिनेर जनताले महसुस गर्ने काम चाहिरहेकोछ ।जनताका आशार सरकारको दायित्व बीचको दूरी कम गर्न तत्काल कार्ययोजना सहित निर्वाचनका बेला प्रस्तुत करारपत्र कायमराख्न पार्टीले सार्वजनिक योजनालाई तत्काल व्यवहारमा उतार्नुपर्छ ।

रास्वपाको सरकारले १ सय दिनमा देखिने गरी सफलताका दृष्य देखिने गरी  भ्रष्टाचारर सार्वजनिक संसाधनको अनुगमन, प्रतिशोध विहीन, स्वतन्त्रर छिटो चल्ने छान बिन प्रणालिहरू स्थापित गरी सार्वजनिक पदमारहेकाहरूको सम्पत्तिको पारदर्शितालाई अगाडि बढाउनुका साथै शिक्षार स्वास्थ्य नीतिमा आमुल परिवर्तन गरी  लोकतन्त्रप्रति विश्वास बढाउँदैराष्ट्रलाई स्थिर, समृद्ध दिशातर्फ अगाडि बढाउँदै जनताको जन चहानालाई पुरा गर्दै देशलाई भ्रष्टाचार मुक्त बनाउन नै अहिलेको आवश्यकता हो ।

## साप्ताहिक राशिफल

**मेष** (**चु, चे, चो, ला, लि, लु, ले, लो, अ**) : **दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ । मनोरञ्जन र भ्रमणको योग छ ।**

**वृष** (**इ, उ, ए, ओ, वा, वि, वु, वे, वो**) : **वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन** (**क, कि, कु, घ, ङ, छ, के, को, ह**) : युवा वर्गका लाीगि रमाइलो वातावरणको  अवसर मिल्ने छ । इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट** (**हि, हु, हे, हो, डा, डि, डु, डे, डो**) : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह** (**मा, मि, मु, मे, मो, टा, टि, टु, टे**) : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईंकै हुने छ ।

**कन्या** (**टो, प, पी, पू, ष, ण, ठ, पे, पो**) : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन । बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ ।

**तुला** (**रा, री, रु, रे, रो, ता, ती, तु, ते**) :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक** (**तो, ना, नि, नू, ने, नो, या, यि, यू**) : **बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ । मित्रहरको सहयोग राम्रो रहने छ ।

**धनु** (**यो, भा, भी, भू, ध, फा, ढ, भे**) : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ । व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ ।

**मकर** (**भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी**) : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ ।

**कुम्भ** (गु, गे, गो, सा, सी, सु, से, सो, द) :**सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु** होला । **भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन** (**दी, दु, थ, झ, ञ, दे, दो, च, ची**) : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईंकै हुने छ ।

# 'बालेन भ्रष्टाचार विरोधी नेता हुन् भन्ने भाष्यले यो लहर उत्पन्न भयो'

- *रास्वपाले प्रत्यक्षतर्फ १०० भन्दा बढी सिटमा अग्रता लिइरहेको छ र प्रारम्भिक रुझानले दुई तिहाइ बहुमतको सम्भावना देखाएको छ।*
- *विश्लेषक तुलानारायण साहले मधेशमा बालेन शाहको भ्रष्टाचारविरोधी छवि र सामाजिक पृष्ठभूमिले ठूलो लहर सिर्जना गरेको बताउनुभयो।*
- *एमाले र कांग्रेसले कमजोर प्रदर्शन गरिरहेका छन् भने नेकपा मधेशमा सीमित प्रभावमा छ र कांग्रेस दोस्रो पार्टी बन्ने सम्भावना छ ।*

रास्वपाले प्रत्यक्षतर्फ १०० भन्दा बढी सिटमा अग्रता लिइरहेको छ । नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी एक दर्जन सिटमा अग्रता लिन संघर्षरत देखिन्छन् ।

निर्वाचनको प्रारम्भिक रुझानबारे विश्लेषक तुला नारायण साहसँग अनलाइन खबरकर्मी बसन्त बस्नेतले गरेको अन्तर्वार्ता :

**यसपालिको आम चुनावमा रास्वपाप्रति ठूलो लहर देखिन्छ । तपाईंले चुनावलाई मसिनो गरी विश्लेषण गर्दै आउनुभएको छ, देशैभरिको यो ऊर्जा लाई कसरी बुझ्ने ?**

यो रास्वपाको पक्षमा वा रास्वपाभन्दा पनि घन्टीको पक्षमा भन्दा उचित होला । किनभने पार्टीको नाम भन्नु र चुनाव चिह्न घन्टी भन्नुमा फरक छ ।

ग्रामीण भेगमा कुराकानी गर्दा धेरै मतदातालाई पार्टीको नाम थाहा छैन । म अहिले सप्तरीको एउटा गाउँबाट बोल्दै छु । यहाँ मैले चार दिनदेखि सयौं मानिससँग कुराकानी गरेँ । घन्टी र बालेन- यी दुई कुरा नै यस निर्वाचनको प्रतीक बनेका छन् र त्यसले अभूतपूर्व लहर ल्याएको छ । यसलाई मापन गर्नु गम्भीर विश्लेषणको विषय हो ।

यस्तो लहर के-के कारणले आयो होला ? अहिले तपाईंको प्रश्नको जवाफ दिँदा म यसलाई अभूतपूर्व लहरकै रूपमा देख्दै छु । चार दिन अगाडि सप्तरी टेक्नेबित्तिकै मैले काठमाडौँबाट जे-जति अनुमान गरेको थिएँ, त्योभन्दा बढी पाएँ ।

**खासगरी मधेशबाट नै यो बढ्ता लहर सिर्जना भइसक्यो भन्ने मेरो बुझाइ हो । अन्यत्र त छँदै छ ?**

अहिले बिहान म यहाँ गाउँमा बसेर अनलाइनबाट मतगणनाको सूची हेर्दै छु । अन्यतिर पनि त्यस्तै लहर देखिन्छ । चार दिनदेखि मैले जुन बुझ्ने प्रयास गरेको छु, यहाँको लहर अरू ठाउँभन्दा अलि कडा छ ।

त्यो कडा लहर घन्टीको पक्षमा किन छ भने, धेरैजसो आम मतदाता, मजदुर र किसान वर्गले दुइटा कुरा एकैसाथ जोडेको मैले देखेको छु । एउटा त, बालेन शाह प्रधानमन्त्री बन्दै छन् र उनी मधेशी हुन् भन्ने कुरा उहाँहरूको कानमा पुगेको छ । त्यसमा उहाँहरूले भित्रैदेखि एउटा बेग्लै किसिमको आनन्द अनुभूति गरेको मैले पाएँ ।

अलिकति गहिरिएर बुझ्न खोज्दा उहाँहरू बालेनले भ्रष्टाचार रोक्छन् भन्छन् । बालेनको बिम्ब यहाँ भ्रष्टाचार नगर्ने नेताको रूपमा बनेको छ । मानिसहरूलाई भ्रष्टाचारले कहाँनेर छोयो त भनेर मैले दर्जनौं मानिसहरूसँग बुझ्ने प्रयास गरेँ । ग्रामीण भेगका मानिसहरू जब पालिकामा जग्गाको कर तिर्न वा सिफारिस लिन जान्छन्, त्यहाँ उहाँहरूले पछिल्लो समय आफू शोषणमा परेको महसुस गर्नुभएको रहेछ ।

यी दुई-तीनवटा कुराहरू बुझ्दा, बालेन शाहलाई मधेशीका रूपमा बुझेर थप आनन्दित हुनु एउटा पाटो हो, तर त्यो मूल कुरा होइन । त्योभन्दा गहिरो कुरा- बालेन शाह भ्रष्टाचार विरोधी नेता हुन्, उनले भ्रष्टाचार गर्दैनन् र यहाँ भएका पुराना नेताहरू सबै भ्रष्टाचारी हुन् भन्ने भाष्य आम मानिसको मनमा बसेको मैले पाएँ । मलाई लाग्छ, त्यसकारण नै यो बलियो लहर उत्पन्न भएको हो । बालेनले जुन घन्टी बजाएर 'रोड सो' गरे, त्यो घन्टी मानिसहरूको दिमागमा बसेको जस्तो मलाई लाग्छ ।

**कांग्रेस, एमाले लगायत त्यहाँका कतिपय क्षेत्रीय मधेशवादी पार्टीहरूको अवस्था चाहिँ किन यति धेरै रक्षात्मक बन्न पुगेको जस्तो देखिन्छ ?**

यसमा के छ भने, जेन जी विद्रोह हुँदा यसको केन्द्रबिन्दु काठमाडौँ र अन्य शहरी भूभाग थिए । जुन प्रश्न कांग्रेस-एमालेको सरकारमाथि उठेको थियो, त्यही प्रश्न मधेशमा रहेका मधेशवादी दलहरूमाथि पनि उठेको हो ।

त्यो प्रश्न भनेको के हो भने, तपाईंहरू जितेर जानुहुन्छ, सिन्डिकेट बनाउनुहुन्छ, गठबन्धन गर्नुहुन्छ र राज्यको साधन-स्रोत दोहन गरी आफू अनुकूल दुरुपयोग गर्नुहुन्छ । जुन प्रश्न काठमाडौंमा केपी ओली र शेरबहादुर देउवाप्रति (वा ओली, देउवा र प्रचण्डप्रति) उठेको थियो, जेनजी विद्रोह हुँदा ठ्याक्कै त्यही प्रश्न गाउँगाउँमा त्यहाँका सत्ताधारी दलहरूमाथि पनि उठ्यो । कांग्रेस, एमाले, कतिपय ठाउँमा माओवादी, जसपा, जनमत- यिनीहरू पनि त्यही सत्ताधारीकै पक्ष र लाइनमा उभिएका दलहरू हुन् ।

त्यो हिसाबले मानिसहरूले पार्टी र नेताहरूलाई यही हिसाबले सूचीकरण गरे । त्यसैले यसपटकको मतदानको मनोविज्ञान प्रतिक्रियात्मक हो जस्तो मलाई लाग्छ । त्यो भनेको पहिलाका नेताहरूले धेरै भ्रष्टाचार र अनियमितता गरे, जनजीवनमा कुनै खास परिवर्तन ल्याउन सकेनन् । तर यो नयाँ परिवर्तनकामी शक्ति (बालेनवाला शक्ति) ले परिवर्तन ल्याउँछ भन्ने आम मानिसको बुझाइ म देखिरहेको छु । यसबारे मैले विस्तृतमा कुरा गरेको छु, जुन लेख्नुपर्ने विषय हो । अहिले छोटकरीमा भन्नुपर्दा, मान्छेले कसरी बालेनलाई आफ्नो बिम्ब मानेर नेता मान्दै छन् भन्ने कुरा गम्भीर विश्लेषणको विषय हो ।

पहाड, मधेश, शहर र गाउँका मतदाता, युवादेखि वृद्धवृद्धा, महिला-पुरुष, शिक्षितदेखि निरक्षरसम्म सबैतिर कसरी एउटै बुझाइ (सल्लाह) मिल्न गयो ?

किनभने सबैतिर भ्रष्टाचार एकनासले भएको छ र पर्फमेन्स (काम) गर्न नसकेको अवस्था पनि सबैतिर उस्तै हो ।

मानिसमा जागरुकता बढेको छ । के ठिक, के बेठिक र के जायज, के नाजायज भनेर मूल्याङ्कन गर्ने क्षमता आम मानिसमा बढेको छ । यो सूचना प्रविधिको कारण होस् वा ज्ञान वृद्धिको कारणले । सबैतिर एकनासले भ्रष्टाचारविरुद्ध जनमत बनेको हुनाले घन्टीको पक्षमा एकनासको लहर देखिन्छ, किनभने घन्टीले भ्रष्टाचारको विरोध गरिरहेको छ ।

मधेशमा अलिकति विशेष लहर छ । अरू ठाउँमा लहरले १० मा ८ अङ्क पाउँछ भने मधेशमा ९ पाएको छ । त्यो चाहिँ बालेनको सामाजिक पृष्ठभूमिका कारणले गर्दा हो । आम मानिसको मनमा आफ्नोपन महसुस भएको र बेग्लै खालको आनन्दित भएको मैले पाएको छु ।

**बालेनको आइडेन्टिटी ( पहिचान) का कारणले यो चुनावमा राप्रपा जस्तो शक्ति अथवा हर्क साम्पाङ र कुल मान घिसिङ जस्तो शक्तिलाई कस्तो देख्नुभएको छ? अहिले सम्मको रुझान हेर्दा के लाग्छ ?**

राप्रपा धेरै पुरानो शक्ति हो भने कुलमान घिसिङ र हर्क साम्पाङजीको पार्टी धेरै नयाँ हो । यी तीन वटालाई एकै ठाउँमा राखेर विश्लेषण गर्नुभन्दा पनि म ग्रामीण भेगका मानिसहरूसँग (दशैंयता र 'जेनजी' विद्रोहयता) निरन्तर सम्पर्कमा छु । फोनमा पनि कुराकानी गर्दा मानिसहरूले कुलमान घिसिङ, हर्क साम्पाङ र बालेनलाई धेरै मानेमा राम्रो नेताको रूपमा हेर्दा रहेछन् ।

अहिले कुलमान र हर्क साम्पाङजीको पार्टीले चुनाव जित्नु वा नजित्नु एउटा पाटो भयो । जस्तो, बालेनजीको पक्षमा देखिएको जितको लहर उहाँहरूको हकमा देखिन्न । तर ग्रामीण भेगका मानिसहरूले उहाँहरूलाई काम गर्ने नेता, भ्रष्टाचार नगर्ने नेता र पर्फर्म गर्न सक्ने नेता' का रूपमा एउटा बिम्ब बनाएको मैले पाएको छु ।

यसको उदाहरण पनि छ । जस्तो, म जहाँ छु (सप्तरीको पूर्वी गाउँमा), त्यहाँ पाँच वर्षदेखि एउटा बाटो ठेकेदारले अलपत्र पारेर राखेको थियो । त्यसले गर्दा वर्षायाममा आवतजावतमा निकै दु:ख झेल्नुपरेको थियो । कुलमानजी (ऊर्जामन्त्री) आएपछि त्यो ठेक्का तोडेर अर्को ठेकेदारलाई दिएपछि अहिले त्यो बाटो कालोपत्रे हुने क्रममा छ ।

अब यहाँका मानिसहरू के भन्छन् भने- यो सबै कुलमानले गर्दा भएको त हो नि ! चिनजान छैन, आफ्नो सामाजिक पृष्ठभूमिको मानिस होइनन् र पार्टीका मानिस पनि होइनन् । तर सबैले कुलमानजी आएर त यस्तो भएको हो भन्छन् ।

यो हर्क साम्पाङको बारेमा पनि लागु हुन्छ । बालेनजीको बारेमा त मलाई के लाग्छ भने, काठमाडौंमा बालेनजीले सार्वजनिक स्कुलहरूमा (१०+२ मा) जुन एकदम स्वच्छ र निष्पक्ष छात्रवृत्ति दिनुभयो, यहाँका हरेक गाउँको बच्चा त्यसमा परेको छ । त्यो परिवार नै उहाँको प्रचारक जस्तो भएको मैले देखेको छु ।

'यत्रा मेयर छन्, खै त कसैले केही गरेनन् ! बालेनले त दियो, मोबाइलमै रिजल्ट आयो । हेर्नु त कति फेयर मान्छे छ!' भनेर मानिसहरूले भन्छन् । यो मान्छे न धेरै बोलिकन, न धेरै हिँडिकन, न ठूलो पार्टीको भएर पनि यति लोकप्रिय किन भयो? हरेक ग्रामीण मानिसको मुखमुखमा किन बसेको छ? भनेर मैले उहाँको 'फेनोमेना' बुझ्ने प्रयास गरेँ । उहाँको बिम्ब नै 'भ्रष्टाचार नगर्ने, कसैसँग नडराउने र एकदम निष्पक्ष काम गर्ने नेताको रूपमा ग्रामीण भेगका मानिसहरूमा परेको छ ।

**अघिल्लो चुनावमा सिके राउतको पर्फमेन्स मधेशमा एकदमै राम्रो थियो । यसपालि अलिकति किन देखिन सकेको छैन ?**

एकदमै राम्रो होइन । अहिले जुन लहर देशभरि बालेनको पक्षमा छ, गत निर्वाचनमा सिके राउतले छोटो समयमै सप्तरी र सिरहामा त्यस्तै खालको वेभ सिर्जना गर्न

वांकी ५ पेजमा...

# मोरङको धनपालथान गाउँपालिका वडा नं. ३ मा रहेका मन्दिरको परिचय

### ५. आनन्द मन्दिर, बेतौना

धनपालथान गाउँपालिका वडा नं. ३, बेतौनामा सडकपूर्व छेउमा पूर्वमुखी, बाँस-बत्तीको टाटीले घेरिएको, टिनको छानायुक्त आनन्द मन्दिर रहेको छ ।

यहाँ विष्णु भगवान आनन्द स्वरूपमा शेषनागको सिंहासनमा विश्राम गरिरहेकै, खुट्टातिर लक्ष्मी बसेको र साथमा भगवान शंकर, वजरंगवली र ब्रह्माको मूर्ति रहेका छन् ।



यस मन्दिरमा प्रत्येक वर्ष अनन्त चतुर्दशीका दिन विशेष पूजापाठ गरिन्छ ।

स्थानीय २६ वर्षीय विजय रामका अनुसार करिब २० वर्षअघि स्थापना भएको यस मन्दिरमा हरेक वर्ष माटोको मूर्ति बनाएर पूजा गरिन्छ र पूजा गरिसकेपछि मूर्ति विसर्जन गरिन्छ।

मन्दिर नेपाल सरकारको ऐलानी जग्गामा रहेको छ।

स्थानीय गनगाई, बाँतर, राजवंशी, केवट, ब्राह्मण आदि जातिका मानिसहरूबाट चन्दा सहयोग लिएर हरेक वर्ष मन्दिरमा पूजा गरिन्छ।

### ६. १०८ बजरंगवली मन्दिर, बेतौना

धनपालथान गाउँपालिका वडा नं. ३, बेतौना चौक नजिकै हुलाकी राजमार्गबाट दक्षिणतर्फ जाने बाटोको पूर्वमा श्री श्री श्री १०८ बजरंगवली मन्दिर अवस्थित छ ।

पुजारी७० वर्षीय अघनु राजवंशीका अनुसार यो मन्दिर २०५३ सालमा स्थापना गरिएको हो । हाल यसको निर्माण कार्य लगभग सम्पन्न भइसकेको छ।मन्दिरको दक्षिणपट्टि सटरहरू समेत निर्माण भइरहेको छ ।



यस मन्दिरमा पुजारीले दैनिक पूजापाठ गर्दै आएका छन्। यस मन्दिरमा वर्षको दुईपटक हनुमान जयन्ती र राम नवमीको अवसरमा भव्य पूजापाठ गरिन्छ ।

मन्दिरको नाममा करिब २ कट्ठा ५ धुर जग्गा रहेको छ।मन्दिरको बीच भागमा बजरंगवलीको मूर्ति राखिएको छ । मन्दिरको चारैतिर वरन्डा राखिएको छ भने ग्रिलले घेराबेरा पनि गरिएको छ ।

यस मन्दिरको निर्माणमा गाउँवासी र गाउँपालिकाको सक्रिय सहयोग रहेको छ ।

### ७. विश्वनाथ शिव मन्दिर, मायागञ्ज

धनपालथान गाउँपालिका वडा नं. ३, मायागञ्ज चौकदेखि पूर्व, सडकको उत्तरपट्टि दक्षिणमुखी विश्वनाथ शिव मन्दिर निर्माणाधीन अवस्थामा रहेको छ ।

यहाँ दैनिक पूजापाठ हुँदै आएको छ। विशेषत : माघ महिनाका सबै आइतबार, शिवरात्रि र श्रावण महिनाको सोमबारका दिन विशेष पूजापाठका हुने गरेको छ । साथै,अन्य दिन पनि मन्दिरमा भक्तजनको भीड लाग्ने गरेको पुजारी आनन्दलाल राजवंशीले बताएका छन् । उहाँका अनुसार मन्दिरको स्थापना २०३२ सालमा भएको थियो ।



पुजारी आनन्द राजबंशीले बताए अनुसार विश्वनाथ शिव मन्दिर स्थापनाको कारण यस्तो थियो, आनन्दका बुवा बिरामी हुँदा धेरै धामी-झाँक्री र डाक्टर देखाए । कसैगर्दा पनि निको भएन। अन्ततः बुवाले एउटा पिपलको रुखमुनि पूजा सुरु गरे । त्यसपछिविस्तारै स्वास्थ्यमा सुधार आयो ।

त्यसपछिगाउँबासीले संकल्प गरेर मन्दिर बनाउन थालिएको हो । बनाएर छाड्ने संकल्प गरेर गाउँवासी र स्थानीय सरकारको सहयोगमा मन्दिर निर्माण सुरु गरिएको हो ।

७५वर्षीय रघुनाथ राजवंशीका छोरी र ज्वाईंको सन्तान थिएनन्। यस मन्दिरमा उनले भाकल गरे । त्यसको केही समयपछि गर्भ रह्यो र सन्तान प्राप्ति भयो । मन्दिर अझै पूर्ण निर्माण भएको छैन । कुर्सीदेखि बीमसम्म बनेको छ, माथि छत ढलान गर्न बाँकी छ ।

### ८. नेपाल सन्तमत सत्संग मन्दिर, मायागञ्ज

धनपालथान गाउँपालिका वडा नं. ३, मायागञ्ज चौकदेखि पूर्व, सडकको दक्षिणपट्टि नेपाल सन्तमत सत्संग मन्दिर रहेको छ ।

यो मन्दिर २०२१ सालमा स्थापना गरिएको हो। एक कट्ठा जग्गा स्व. जतनलाल राजवंशीले मन्दिरका लागि दान गरेका थिए । माछा, मासु नखाने बैष्णव अनुयायीहरूले यहाँ दैनिक ध्यान गर्छन् । यो जानकारी सत्संगका संरक्षक हरिप्रसाद राजवंशीले दिएका छन् ।

प्रत्येक बिहीबार साप्ताहिक भजन कीर्तनका लागि बाबा जीहरूको जमघट हुने गर्छ ।

महर्षि मेही महराजका अनुयायीहरूबाट निर्माण भएको यो मन्दिरमा प्रत्येक वर्ष कार्तिक त्रयोदशी र चतुर्दशीमा भव्य भण्डारा आयोजना गरिन्छ ।



# व्यावसायिकता प्रदर्शन गर्न जरूरी : प्रहरी महानिरीक्षक

विराटनगर । प्रहरी महा निरीक्षक दान बहादुर कार्कीले समाजमा शान्ति सुरक्षा कायम राख्न प्रहरी कर्मचारीहरूले निर्वाह गर्दै आइरहेको भूमिका उत्कृष्ट रहेको चर्चा गर्दै आगामी दिनमा समेत सबै प्रहरी कर्मचारीहरूले निष्ठावान्, इमानदार भई अझ उच्च अनुशासन एवम् व्यावसायिकता प्रदर्शन गर्न जरूरी रहेको वताएका छन् ।

नेपाल प्रहरी प्रधान कार्यालय बाट भर्चुअल माध्यमद्वारा प्रतिनिधि सभा सदस्य निर्वाचन को मतदान पश्चात अपनाउनुपर्ने सुरक्षा सतर्कता तथा समसा-मयिक विषयवस्तुमा शुक्रबार प्रहरी कर्मचारीहरूलाई निर्देशन सम्बोधनको क्रममा प्रहरी महानिरीक्षक कार्कीले उक्त कुरा बताएका हुन् ।

प्रहरी महानिरीक्षक कार्कीले प्रतिनिधि सभा सदस्य निर्वाचन को मतदान प्रक्रियालाई शान्तिपूर्ण, भयरहित एवम् निष्पक्ष वातावरणमा सफलता पूवर्क सम्पन्न गराउन सबै प्रहरी कर्मचारीहरूले उच्च मनोबलका एवम् जिम्मेवारीबोधका साथ प्रदर्शन गरेको व्यावसायिकता प्रशंसनीय रहेको वताउँदै सबै प्रहरी कर्मचारीहरूले सामूहिक भावनाका साथ निर्वाचनको समयमा प्राप्त आ-आफ्नो जिम्मेवारी कुशलतापूर्वक सम्पन्न गरेको समेत उल्लेख गरेका थिए ।

प्रहरी महानिरीक्षक कार्कीले मतगणनास्थलमा देखा देखापर्न सक्ने सुरक्षा चुनौतीहरूलाई सम्बोधन गर्न सूचना संकलनलाई विशेष प्राथमिकता मा राखी आवश्यक सुरक्षा रणनीति सहित प्रभावकारी प्रहरी परिचालनमा विशेष सतर्कता अपनाउन निर्देशन दिएका थिए ।

मतगणनास्थल, मतगणनाको परिणाम एवम् विजयी दलको र्याली, जुलुस लगायतका क्रियाकलापमा कुनै पनि त्रुटि नहुने गरी थप संवेदनशील भई कार्य गर्न समेत उहाँले जोड दिएका थिए । सामाजिक सञ्जालमा गलत सूचना तथा मिथ्या सूचना सम्प्रेषणमा संलग्नलाई कानुनी दायरामा ल्याउन थप सक्रिय रूपमा प्रस्तुत भई कार्य गर्नुपर्ने उहाँको भनाइ थियो ।

प्रहरी महानिरीक्षक कार्कीले कुनै पनि अवाञ्छित गतिविधिमा संलग्नलाई तत्काल कानुनी दायरा मा ल्याउन प्रहरी कर्मचारीहरू थप क्रियाशील हुन निर्देशन दिदै सम्पूर्ण प्रहरी कर्मचारीहरूले सामाजिक सञ्जालको प्रयोग एवम् प्राप्त जिम्मेवारी निर्वाह गर्ने क्रममा समेत आफ्नो उच्च व्यावसायिकता प्रदर्शन गर्दै तटस्थ, इमानदार तथा प्रतिवद्ध भई कार्यसम्पादन गर्न उहाँले निर्देशन दिएका थिए । निर्वाचन प्रहरीप्रति सबै प्रहरी कर्मचारी हरूले अझ उत्कृष्ट आचरण एवम् व्यवहार प्रस्तुत गर्नुपर्ने बताउँदै उनीहरूको उचित व्यवस्थापन तथा प्राप्त गर्ने सेवा सुविधामा कुनै पनि कमिकमजोरी नहुने गरी कार्य गर्न समेत उहाँले आग्रह गरेका थिए ।

कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षकहरू, प्रहरी नायव महानिरीक्षकहरू, वरिष्ठ प्रहरी अधिकृतहरू लगायतको उपस्थिति को साथै काठमाडौं उपत्यका प्रहरी कार्यालय, ७ वटै प्रदेश प्रहरी कार्यालयहरू, नेपाल प्रहरी प्रदेश कार्यालयहरू, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयहरू, प्रदेश प्रहरी तालिम केन्द्रहरू, नेपाल प्रहरी विशेष सुरक्षा गण तथा प्रदेश प्रहरी गणहरू, जिल्ला प्रहरी परिसरहरू र जिल्ला प्रहरी कार्यालयहरू, सबै जिल्ला प्रहरी कार्यालय सम्मका निर्वाचन सेलका प्रमुख तथा प्रतिनिधिहरू एवम् थप मद्दतका रूपमा खटिएका प्रहरी वरिष्ठ उपरीक्षक लगायत अन्य प्रहरी अधिकृत हरूको भर्चुअल उपस्थिति रहेको थियो ।

सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रूख काट्नु सार्वजनिक अपराध हो । यसरी रूखहरू काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ ।

सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

सडक डिभिजन कार्यालय
विराटनगर, कोशी प्रदेश

# नेपाल राष्ट्र बैंकको स्वायत्तता कि राजनीति छाया ?



रमेश कुमार बोहोरा

काठमाडौं । कानुनी संरचना को दृष्टिले हेर्दा नेपाल राष्ट्र बैंक आज पनि स्वायत्त निकायकै रूपमा परिभाषित छ । तर व्यवस्थाको व्यवहारिक धरातलमा उभिएर हेर्दा राष्ट्र बैंक अझै पनि सरकारको राजनीतिक छायाबाट मुक्त हुन सकेको छैन । करिब सात दशकअघि स्थापना भएको यस संस्थाले आजसम्म आइपुग्दा मौद्रिक नीति निर्माण, बैंक तथा वित्तीय संस्थाको नियमन, विदेशी विनिमय व्यवस्थापन, भुक्तानी प्रणालीको विस्तार र वित्तीय स्थायित्वको संरक्षण जस्ता अत्यन्त संवेदनशील दायित्व सम्हाल्दै आएको छ । यति गम्भीर र दीर्घकालीन प्रभाव पार्ने जिम्मेवारी बोकेको संस्थाको निर्णय प्रक्रियामा राजनीतिक हस्तक्षेपको आशङ्का सधैं रहिरहनु आफैंमा नेपालको आर्थिक शासन प्रणालीको ठूलो कमजोरी हो ।

मुलुकको समग्र आर्थिक नीति दुईवटा मुख्य आधारस्तम्भमा अडिएको हुन्छ । पहिलो, सरकारद्वारा सञ्चालन गरिने वित्त नीति र दोस्रो, केन्द्रीय बैंकद्वारा सञ्चालन गरिने मौद्रिक नीति । यी दुई नीतिबीच सन्तुलित र व्यावसायिक समन्वय हुन सकेमा मात्र दीर्घकालीन आर्थिक स्थायित्व सम्भव हुन्छ । यही कारण विश्वभर केन्द्रीय बैंकलाई सरकारबाट संस्थागत रूपमा अलग र स्वतन्त्र राख्ने अभ्यास विकसित भएको हो । नेपालमा भने व्यवहार उल्टो देखिन्छ । मौद्रिक नीतिका निर्णयहरूमा पटक-पटक राजनीतिक अपेक्षा, लोकप्रियतामुखी दबाब र अल्पकालीन सत्ताकेन्द्रित सोच हाबी हुने गरेको आरोप स्वयं राष्ट्र बैंकभित्रकै पूर्व तथा वर्तमान अधिकारीहरूले सार्वजनिक रूपमा उठाउँदै आएका छन् ।

समस्या के हो भने राष्ट्र बैंक र सरकारबीचको सम्बन्ध सधैं व्यावसायिक सहकार्यमा सीमित रहनुपर्ने ठाउँमा राजनीतिक निकटता र शक्ति सन्तुलनको खेलमा रूपान्तरण हुँदै आएको छ । वित्त नीति सञ्चालन गर्ने अर्थ मन्त्रालय र मौद्रिक नीति सञ्चालन गर्ने राष्ट्र बैंकबीचको सम्बन्ध समय-समयमा खुलेआम तनाव ग्रस्त बनेको छ । यसैको प्रत्यक्ष उदाहरणका रूपमा तत्कालीन अर्थमन्त्री जनार्दन शर्मा र तत्कालीन गभर्नर महाप्रसाद अधिकारी बीच विकसित भएको टकरावलाई लिन सकिन्छ । नीति, अधिकार क्षेत्र र निर्णय प्रक्रियालाई लिएर सुरु भएको त्यो द्वन्द्व अन्ततः व्यक्तिगत र राजनीतिक आरोप प्रत्यारोपमा रूपान्तरण भयो । सरकारकै प्रस्तावमा गभर्नरलाई पदबाट हटाउने निर्णयसम्म पुग्नु र त्यसविरुद्ध न्यायिक प्रक्रियामा जानु नेपाली केन्द्रीय बैंकको संस्थागत मर्यादामाथि गम्भीर प्रश्न खडा गर्ने घटनाक्रम थियो ।

गभर्नर अधिकारीले सर्वोच्च अदालत बाट अन्तरिम आदेश पाएपछि आफ्नो कार्यकाल पूरा गर्न पाए । तर त्यस अवधिमा राष्ट्र बैंक र अर्थ मन्त्रालयबीचको सम्बन्ध सामान्य बन्न सकेन । दुवै निकायबीच सहकार्यभन्दा बढी अविश्वास र शक्ति प्रदर्शनको वातावरण निर्माण भयो । त्यही कालखण्डमा अर्थतन्त्र दबाबमा थियो । तर संकट व्यवस्थापनका लागि आवश्यक नीतिगत समन्वय, सूचना आदान-प्रदान र संयुक्त रणनीति विकास हुन सकेन । परिणामस्वरूप, कर्जा विस्तार, ब्याजदर संरचना, वित्तीय अनुशासन र लगानी वातावरण सुधारजस्ता विषयहरू प्रभावकारी रूपमा अघि बढ्न सकेनन् । आज पनि अर्थतन्त्र अपेक्षाअनुसार चलायमान नहुनुको कारणका रूपमा त्यो समयमा देखिएको नीतिगत असन्तुलनलाई गम्भीर रूपमा लिइन्छ ।

यही पृष्ठभूमिमा सरकारले राष्ट्र बैंकलाई थप स्वायत्त, सक्षम र नियामकीय रूपमा शक्तिशाली बनाउने दाबी गर्दै राष्ट्र बैंक ऐन, २०५८ संशोधनको प्रक्रिया अघि बढाएको छ । विधेयकमा सञ्चालक समितिको संरचना, नियमन तथा सुपरिभिजन अधिकार, वित्तीय संकट व्यवस्थापन, डिजिटल बैंक तथा डिजिटल मुद्राको कानुनी आधार, जगेडा कोषको संरचना र वित्तीय विकास कोषको अवधारणासमेत समेटिएको छ । कागजमा हेर्दा यी सबै प्रावधानहरू राष्ट्र बैंकको संस्थागत क्षमता विस्तारतर्फ उन्मुख देखिन्छन् । तर गहिरो रूपमा अध्ययन गर्दा मुख्य प्रश्न फेरि पनि एउटै बिन्दुमा आएर ठोक्किन्छ । नियुक्ति प्रक्रिया साँच्चै राजनीतिक प्रभावबाट मुक्त हुनेछ कि हुनेछैन ?

प्रस्तावित विधेयकअनुसार अर्थ मन्त्रालयका सचिवबाहेक नेपाल सरकार तथा सार्वजनिक संस्थानका पदाधिकारी वा कर्मचारीलाई राष्ट्र बैंकको सञ्चालक बन्न रोक लगाउने व्यवस्था गरिएको छ । राष्ट्र बैंकका पूर्वकर्मचारीको हकमा अवकाशपछि कम्तीमा तीन वर्ष पूरा नभएसम्म सञ्चालक बन्न नपाउने प्रस्ताव गरिएको छ । सतहमा हेर्दा यो सुधारात्मक देखिए पनि मूल समस्या अझै बाँकी रहन्छ । किनभने गभर्नर, डेपुटी गभर्नर र बाँकी सञ्चालक नियुक्त गर्ने अन्तिम अधिकार सरकारकै हातमा रहने व्यवस्था यथावत् छ । यस्तो अवस्थामा नियुक्ति प्रक्रियामा राजनीतिक स्वार्थ हावी नहुने सुनिश्चितता कसरी गर्ने भन्ने प्रश्न विधेयकले स्पष्ट रूपमा सम्बोधन गरेको देखिँदैन ।

नेपालमा गभर्नर र डेपुटी गभर्नर बन्न सत्तारूढ दलसँग प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्ध हुनु अनिवार्य जस्तै मानिने अवस्था विकसित भइसकेको छ । सञ्चालक समितिमा पनि विज्ञता, स्वतन्त्र सोच र दीर्घ कालीन दृष्टिकोणभन्दा बढी पहुँच, सिफारिस र शक्ति सन्तुलनका आधारमा व्यक्तिहरू नियुक्त हुने गरेको गुनासो नयाँ होइन । विगतमा नियुक्त भएका कतिपय सञ्चालकको पृष्ठभूमि, योग्यता र अनुभवले राष्ट्र बैंकजस्तो संवेदनशील संस्थामा उनीहरूको भूमिकामाथि प्रश्न उठाएको तथ्य स्वयं सार्वजनिक बहसमा आइसकेको छ ।

कानुनले सञ्चालक फरक-फरक क्षेत्रमा ख्याति कमाएका, ज्ञान र अनुभव भएका स्वतन्त्र व्यक्ति हुनुपर्ने व्यवस्था गरे पनि व्यवहारमा यो प्रावधान कार्यान्वयन हुन सकेको छैन । राजनीतिक पहुँच भएका व्यक्तिलाई 'विज्ञ' को लेबल टाँसेर नियुक्त गर्ने परिपाटी नै संस्थागत समस्याको मूल जरो बनेको छ । यही कारण ऐन संशोधन गरेर मात्र राष्ट्र बैंक स्वायत्त बन्छ भन्ने निष्कर्ष निकाल्नु आत्मसन्तुष्टिमात्र हुनेछ ।

प्रस्तावित विधेयकमा राष्ट्र बैंकले साधारण जगेडा कोष स्थापना गरी नोक्सानी व्यहोर्न तथा पुँजी वृद्धि गर्न सक्ने व्यवस्था गरिएको छ । विदेशी मुद्रा, सुन तथा वित्तीय उपकरणको पुनर्मूल्यांकनबाट हुने नाफा वा नोक्सानीका लागि छुट्टै पुनर्मूल्यांकन जगेडा कोष स्थापना गर्ने प्रावधान पनि समेटिएको छ । साथै कुल मौद्रिक दायित्वको पाँच प्रतिशत नबढ्ने गरी वित्तीय विकास कोष स्थापना गर्ने व्यवस्था राखिएको छ । यी प्रावधानहरू प्राविधिक रूपमा महत्वपूर्ण भए पनि तीभन्दा अझ गहिरो प्रश्न राष्ट्र बैंकले ती स्रोत र अधिकार प्रयोग गर्दा कसरी स्वतन्त्र निर्णय गर्न सक्छ भन्ने हो ।

डिजिटल बैंक, डिजिटल मुद्रा र वित्तीय होल्डिङ कम्पनीलाई ऐनमै परिभाषित गर्ने सरकारको प्रस्तावले नेपालमा वित्तीय प्रणालीको रूपान्तरणतर्फको संकेत दिन्छ । तर डिजिटल वित्तीय प्रणाली अत्यन्तै उच्च जोखिम र संवेदनशील प्रविधिसँग जोडिएको विषय हो । यस्ता क्षेत्रमा नियामकको निर्णय कुनै राज-नीतिक दबाब वा व्यावसायिक स्वार्थबाट प्रभावित भयो भने त्यसको असर सम्पूर्ण वित्तीय प्रणालीमा पर्न सक्छ । त्यसैले डिजिटल वित्तसम्बन्धी नीतिगत निर्णयमा राष्ट्र बैंकको व्यावसायिक स्वतन्त्रता झनै अनिवार्य बन्छ ।

विधेयकले राष्ट्र बैंकलाई समष्टिगत विवेकशील नियामक का रूपमा काम गर्ने, समस्या ग्रस्त बैंक तथा वित्तीय संस्थालाई नियन्त्रणमा लिने, आवश्यक परे 'रिजोलुसन' गर्ने अधिकार दिने प्रस्ताव गरेको छ । व्यवहारमा भने यस्ता निर्णयहरू अत्यन्त राजनीतिक संवेदनशील हुन्छन् । कुनै ठूलो बैंक वा वित्तीय संस्थामाथि कारबाही गर्दा शक्तिशाली व्यवसायिक समूह, राजनीतिक नेतृत्व र सरकारी निकायहरूको दबाब स्वाभाविक रूपमा सिर्जना हुन्छ । यस्तो अवस्थामा गभर्नर र सञ्चालक समिति राजनीतिक रूपमा असुरक्षित भए भने नियामक साहस देखाउन सक्ने अवस्था रहँदैन ।

राष्ट्र बैंकको प्रमुख उद्देश्य मूल्यवृद्धि नियन्त्रण गर्नु हो । तर लोकप्रियता खोज्ने राजनीतिक नेतृत्वका लागि सस्तो कर्जा, ब्याजदरमा कृत्रिम हस्तक्षेप र अल्पकालीन विस्तारवादी नीतिहरू आकर्षक देखिन्छन् । सरकारको यस्तो दबाबलाई राष्ट्र बैंकले अस्वीकार गर्न सक्ने हैसियत राख्नुपर्छ । नत्र मुद्रास्फीति, मुद्रा अवमूल्यन, वित्तीय असन्तुलन र दीर्घकालीन संकटको जोखिम बढ्छ । नेपालको सन्दर्भमा विगतमा भएका कर्जा विस्तारका लहर, रियल इस्टेट तथा सेयर बजारमा देखिएको अस्वाभाविक उछाल र त्यसपछिको सङ्कुचन यही कमजोरीको प्रतिफलका रूपमा बुझ्न सकिन्छ ।

राष्ट्र बैंक सरकारको आदेश पालना गर्ने मात्र प्राविधिक निकाय होइन । यो मुलुकको आर्थिक स्वास्थ्यको निगरानी गर्ने, सरकारलाई नीतिगत सल्लाह दिने र आवश्यक परे अलोकप्रिय तर आवश्यक निर्णय गर्न सक्ने संस्थागत हैसियतमा रहनुपर्छ । सरकार गलत दिशामा जान खोज्दा त्यसलाई तथ्य, विश्लेषण र जोखिमको आधारमा सचेत गराउने नै केन्द्रीय बैंकको जिम्मेवारी हो । तर नियुक्ति प्रक्रियाबाटै ऋणी बनेका गभर्नर

वांकी अन्तिम पेजमा...

# भान्साको औषधी लसुनका ७ फाइदा र के सावधानी ?

लसुन हाम्रो भान्सामा दैनिक प्रयोग हुने मसला मात्र होइन, अत्यन्तै गुणकारी औषधीय तत्व पनि हो । विशेषगरी लसुनलाई काटेर (चोप गरेर) करिब ५ मिनेट राखेपछि खानु स्वास्थ्यका लागि धेरै लाभदायक मानिन्छ । यसको कारण लसुनभित्र हुने प्राकृतिक रासायनिक तत्व हो, जसले हाम्रो शरीरलाई विभिन्न रोगबाट जोगाउन मद्दत गर्छ ।

लसुन काट्दा वा कुट्दा त्यसमा रहेको 'अलिन' नामक तत्व सक्रिय भई 'अलिसिन' नामको शक्तिशाली यौगिक बन्छ । यही अलिसिनले लसुनलाई औषधीय गुण दिन्छ । तर, अलिसिन तुरुन्तै बन्दैन; लसुन काटेपछि करिब ५-१० मिनेट समय दिनुपर्छ ताकि त्यो राम्रोसँग बन्न सकोस् । यदि काट्नेबित्तिकै पकाइयो भने अलिसिन पूर्ण रूपमा बन्न पाउँदैन । त्यसैले लसुन काटेर केही समय छोडेपछि मात्र खानु वा पकाउनु राम्रो मानिन्छ ।

**लसुनका मुख्य फाइदाहरू:**

१. रोग प्रतिरोधात्मक क्षमता बढाउँछ: लसुनले हाम्रो शरीरको इम्युन सिस्टम बलियो बनाउँछ । नियमित रूपमा लसुन खाँदा रुघाखोकी, ज्वरो र संक्रमण जस्ता समस्या कम हुन्छन् । यसमा एन्टिब्याक्टेरियल र एन्टिभाइरल गुण हुन्छन्, जसले हानिकारक जीवाणु र भाइरससँग लड्न मद्दत गर्छ ।

२. मुटुको स्वास्थ्यका लागि लाभदायक: लसुनले रक्तचाप (ब्लड प्रेसर) कम गर्न सहयोग पुऱ्याउँछ । उच्च रक्तचाप भएका व्यक्तिहरूले चिकित्सकको सल्लाहअनुसार लसुन सेवन गर्दा फाइदा पाउन सक्छन् । यसले खराब कोलेस्ट्रोल (एलडिएल) घटाउन र राम्रो कोलेस्ट्रोल (एचडिएल) सन्तुलनमा राख्न मद्दत गर्छ, जसले मुटुरोगको जोखिम कम गर्छ ।

३. पाचन प्रणालीमा सुधार: लसुनले पाचन शक्ति बढाउँछ। यसले पेटभित्रका हानिकारक ब्याक्टेरियालाई नष्ट गर्न र असल ब्याक्टेरियालाई सन्तुलनमा राख्न मद्दत गर्छ। ग्यास, अपच र पेट फुल्ने जस्ता समस्यामा पनि लसुन उपयोगी हुन्छ ।

४. मधुमेह नियन्त्रणमा सहयोग: केही अध्ययनले लसुनले रगतमा चिनीको मात्रा सन्तुलनमा राख्न सहयोग पुऱ्याउने देखाएका छन्। मधुमेहका बिरामीहरूले चिकित्सकको सल्लाह लिएर लसुन सेवन गर्नु लाभदायक हुन सक्छ ।

५. एन्टिअक्सिडेन्ट गुण: लसुनमा प्रशस्त मात्रामा एन्टिअक्सिडेन्ट हुन्छ, जसले शरीरमा हुने 'फ्री रेडिकल्स'लाई नष्ट गर्न मद्दत गर्छ । यसले बुढ्यौली प्रक्रिया ढिलो बनाउन र दीर्घकालीन रोगबाट जोगाउन सहयोग पुऱ्याउँछ ।

६. क्यान्सरबाट जोगाउन सहयोग: केही अनुसन्धानका अनुसार लसुनको नियमित सेवनले पेट र आन्द्रासम्बन्धी क्यान्सरको जोखिम घटाउन सक्छ । यद्यपि यसबारे थप अनुसन्धान आवश्यक छ, तर लसुनलाई स्वस्थ आहारको हिस्सा बनाउनु फाइदाजनक हुन्छ ।

७. शरीर डिटक्स गर्न सहयोग: लसुनले शरीरभित्र जम्मा भएका विषाक्त पदार्थ बाहिर निकाल्न र कलेजो (लिभर) को कार्य क्षमतामा सुधार गर्न मद्दत गर्छ ।

कसरी खाने?

लसुनलाई साना टुक्रामा काटेर वा कुटेर कम्तीमा ५ मिनेट खुला छाडिदिनुहोस् । त्यसपछि काँचै खान सकिन्छ वा हल्का तातो परिकारमा मिसाएर सेवन गर्न सकिन्छ। बिहान खाली पेटमा एक-दुई केस्रा लसुन खानु धेरै लाभदायक मानिन्छ ।

सावधानी:

अत्यधिक लसुन सेवन गर्दा पेट पोल्ने, जलन हुने वा एलर्जी हुन सक्छ। रगत पातलो बनाउने औषधि खाइरहेका व्यक्तिले विशेष सावधानी अपनाउनुपर्छ। गर्भवती महिला वा दीर्घरोगीले सेवन गर्नुअघि चिकित्सकको सल्लाह लिनु राम्रो हुन्छ ।

खाना पकाउने ग्यास (एलपी ग्यास)
प्रयोगकर्ताहरुलाई सुरक्षासम्बन्धी
अति आवश्यक जानकारी

एलपी ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवम् सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्यासको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउनु हुन सम्पूर्ण उपभोक्तावर्गमा अनुरोध छ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु



- सिलिन्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिन्डर सधैं ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
- रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं ।
- खाना पकाउँदा सधैं झ्याल, ढोका खुला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।
- काम सकिएपछि सधैं रेगुलेटर बन्द गर्न नबिर्सौं ।

नेपाल आयल निगम
कोशी प्रदेश कार्यालय
विराटनगर

# भारत नेपाल सम्बन्ध : मित्रता, संस्कृति, यूवा, सुरक्षा र साझा समृद्धिको दिगो सम्बन्ध

**जनकपुरदेखि अयोध्या र लुम्बिनीदेखि बोधगयासम्म फैलिएको साझा धार्मिक विरासत र सीमा पारि मनाइने चाडपर्वहरूले दुई देशबीचको निकटता अझ मजबुत बनाएको छ ।**



राजेश कुमार शर्मा

भारत र नेपालबीचको सम्बन्ध विश्वकै सबैभन्दा विशेष र सम्मानित छिमेकी सम्बन्धमध्ये एक हो । यो सम्बन्ध हजारौँ वर्ष पुराना ऐतिहासिक, सांस्कृतिक र सभ्यतागत सम्बन्धमा आधारित छ ।

जनकपुरदेखि अयोध्या र लुम्बिनीदेखि बोधगयासम्म फैलिएको साझा धार्मिक विरासत र सीमा पारि मनाइने चाडपर्वहरूले दुई देशबीचको निकटता अझ मजबुत बनाएको छ ।

पाँच भारतीय राज्यसँग जोडिएको १,७५१ किलोमिटर लामो खुला सिमानाले मानिसहरूलाई स्वतन्त्र रूपमा आवतजावत गर्न सम्भव बनाउँछ र जनस्तरको सम्बन्धलाई थप सुदृढ बनाउँछ। रोजगारी, विवाह, पारिवारिक भेटघाट र व्यापारका लागि दैनिक लाखौँ मानिस सीमा पारपार गर्छन्, जसले "रोटी-बेटी" सम्बन्धको भावनालाई जीवित राखेको छ ।

खुला सिमाना नीति सन् १९५१ को शान्ति तथा मैत्री सन्धिअन्तर्गत औपचारिक रूपमा स्थापित भएको हो, जुन आपसी विश्वास र भ्रातृत्वको प्रतीक हो । यसले भारत र नेपाललाई केवल छिमेकी मात्र होइन, आध्यात्मिक रूपमा पनि दाजुभाइका रूपमा रहेकोछ । राजनीतिक परिवर्तन, क्षेत्रीय चुनौती र विश्वव्यापी अनिश्चितताका बाबजुद समय सँगै यो मित्रता अझ प्रगाढ बन्दै गएको छ । पूर्वाधार र अर्थतन्त्रका क्षेत्रमा दुवै देश निरन्तर रचनात्मक सहकार्य गर्दै आएका छन्, जहाँ भारत नेपालका लागि सबैभन्दा ठूलो व्यापारिक साझेदार हो ।

नेपालको कुल व्यापारको करिब ६४ प्रतिशत भारतसँग सम्बन्धित छ, जुन चालु आर्थिक वर्षमा करिब ७.८७ अर्ब अमेरिकी डलर पुगेको छ । भारतको नेपालतर्फको निर्यात करिब ७ अर्ब अमेरिकी डलर पुगेको छ । द्विपक्षीय व्यापार निरन्तर वृद्धिको क्रममा छ । भारतले नेपालको कुल प्रत्यक्ष वैदेशिक लगानीको करिब ३५ प्रतिशत (झन्डै ७७७ मिलियन डलर) हिस्सा ओगटेको छ । नेपाल भारततर्फ जलविद्युत् निर्यात गर्ने प्रमुख मुलुकका रूपमा उदाउँदै छ । हरेक वर्ष अर्बौं रुपैयाँ बराबरको विद्युत् निर्यात हुनु स्वच्छ ऊर्जामा आधारित पारस्परिक लाभ र साझा लक्ष्यको महत्वपूर्ण उदाहरण हो ।

त्यसैगरी, रक्षा तथा सैन्य सहकार्य सधैँदेखि यस सम्बन्धको बलियो आधार रहँदै आएको छ । वार्षिक संयुक्त सैन्य अभ्यास 'सूर्य किरण' तथा २०२५ डिसेम्बरमा उत्तराखण्डको पिथौरागढ र २०२६ फेब्रुअरीमा नयाँ दिल्लीमा सम्पन्न प्रमुख सम्मेलनहरू गहिरो जरा गाडिएका सम्बन्धका प्रमाण हुन् । यस सहकार्यलाई अझ मजबुत बनाउँदै सन् २०२६ को सुरुआतमा भारतीय सेनाले नेपाल-भारत सिमानामा नेपाल सेनालाई ५० वटा सैन्य उपयोगी सवारी साधन हस्तान्तरण गऱ्यो, जुन दीर्घकालीन मित्रता र क्षमतावृद्धिको प्रतीक हो ।

यति बलियो आधार हुँदाहुँदै पनि कहिलेकाहीँ बाह्य शक्तिहरूले दुई देशबीच दूरी सिर्जना गर्न खोजेका छन्। भूराजनीतिक आख्यान र वैचारिक भिन्नताको प्रयोग गरी सम्बन्ध कमजोर पार्ने प्रयास भइरहेका छन्। उदाहरणका लागि, ५०० मिलियन डलरको अनुदान भएको एमसीसी परियोजना चीनविरुद्धको इन्डो-प्यासिफिक रणनीतिसँग जोडिएको भनिँदा नेपालभित्र विवाद र विरोध सिर्जना भएको छ ।

अर्कोतर्फ, चीनले विभिन्न अनुदानमार्फत नेपालका राजनीतिक गतिविधिमा प्रभाव पार्ने प्रयास गरिरहेको देखिन्छ; पछिल्लो उदाहरण निर्वाचन सञ्चालनका लागि ४ मिलियन डलर अनुदान हो । माओवादी र नेपाल कम्युनिस्ट पार्टीसम्बन्धी आन्तरिक मामिलामा मध्यस्थता गर्ने, बेल्ट एन्ड रोड परियोजनाको प्रवर्द्धन गर्ने तथा तिब्बती गतिविधि र अमेरिकी अनुदानप्रति असहमति जनाउने कार्यमा चीन सक्रिय देखिन्छ । सन् २०२० को नक्सा विवादजस्ता घटनामा चीनले अप्रत्यक्ष रूपमा भारतविरोधी भावना भड्काएको आरोपसमेत लागेको छ ।

दुवै देशका जनता र नेताहरूले यो साझेदारीले यातायात विस्तार, विकास आयोजना, विपद् व्यवस्थापन र क्षेत्रीय स्थिरता जस्ता प्रत्यक्ष लाभ ल्याएको स्वीकार गर्छन् । गहिरो सांस्कृतिक आत्मीयता, आर्थिक अन्तरनिर्भरता, सैन्य सहकार्य र जनस्तरको सद्भावनाले यो सम्बन्धलाई अटुट बनाइरहेको छ। जलविद्युत्, पूर्वाधार, डिजिटल सम्पर्क, शिक्षा र रक्षा क्षेत्रमा सहकार्य विस्तार गर्दा विकासको गतिलाई अझ बल मिल्नेछ ।

समग्रमा, इतिहास, संस्कृति र सुरक्षा सहकार्यले बाँधिएका भारत र नेपालबीचको मित्रता बाह्य हस्तक्षेपले कमजोर बनाउन सक्दैन। नेपालका भावी सरकार हरूले भारतसँग रचनात्मक सहकार्यलाई निरन्तरता दिनुपर्छ, किनकि विकासको मार्गमा हातेमालो गर्दै अघि बढ्दा भविष्यका पुस्ताका लागि प्रगति, स्थिरता र समृद्धि सुनिश्चित हुनेछ र यो दुवै देशको साझा हितमा हुनेछ । लेखक : भारत नेपाल सामाजिक सांस्कृति मंचको अध्यक्ष हुनुन्छ ।

# कैदीबन्दीमाथि चौकीदार द्धारा कट्टी प्रहार

विराटनगर । विराटनगर महानगरपालिका-८ स्थित जिल्ला कारागार मोरङमा राति सुतिरहेका कैदीबन्दी माथि चौकीदारले नै कट्टी प्रहार गरेका छन् । विराटनगर महानगर पालिका-८ स्थित करागारमा कट्टी प्रहारबाट दुई जना घाईत भएका भएका छन् ।



घाइते मध्ये एक जनाको अवस्था गम्भीर र एक जनाको मध्यम छ । घाइते हुनेहरुमा एक जना भारतीय नागरिक पनि छन् । घटनामा परेर भारतको उत्तर प्रदेश दिनाजपुर गौरी घर भएका ३५ वर्षीय चन्चल बर्मन र मोरङको ग्रामथान गाउँपालिका-५ घर भएका २८ वर्षीय सञ्जय चौधरी घाइते भएको कारागार प्रशासक गौरव ढुंगेलले बताए । उहाँका अनुसार बर्मन मानब बेचबिखन तथा ओसारपसार र चौधरी चोरी तथा डाँका मुद्दाका कैदी हुन् ।

गम्भीर अवस्थाका बर्मनको अनुहारभरि गहिरो चोट लागेको छ । मध्यम अवस्थाका चौधरीको हातमा चोट लागेको छ । कोशी अस्पतालमा सम्भव नभएपछि दुवै जनालाई थप उपचारका लागि विराटनगरस्थित नोबेल शिक्षण अस्पतालमा लगिएको छ ।

अस्पतालले पनि बर्मनको अवस्था गम्भीर र चौधरीको मध्यम रहेको जानकारी दिएको छ । घाइते दुवै जनामाथि सुतिरहेका बेला कारागारको 'बी ब्लक'का चौकीदार गोपाल दनुवारले बिहानका राति ३ बजेतिर कट्टीले अन्धाधुन्ध आक्रमण गरेको कारागार प्रशासक ढुंगेलको भनाइ छ ।

मोरङको उर्लाबारी नगरपालिका-१ घर भएका ३१ वर्षीय दनुवार जबरजस्ती करणी मुद्दाका कैदी हुन् । घटनामा प्रयोग गरिएको कट्टीसहित दुनवारलाई नियन्त्रणमा लिएर घटनाको अनुसन्धान सुरु गरिएको मोरङ प्रहरीका सूचना अधिकारी डीएसपी हरिनन्दन चौधरीले जानकारी दिए ।

## मध्यम...

सक्नुभएको थियो । उहाँ चुनाव जित्नुहोला वा नजित्नुहोला, त्यो एउटा पक्ष हो । तर उहाँको सान्दर्भिकता म अहिले पनि मधेशको राजनीतिमा देख्दै छु ।

मधेशमा अरू ठाउँभन्दा अलिकति फरक के छ भने, जस्तो मध्यपहाडी भूभाग (जहाँ खस-आर्य समुदायको परम्परागत बसोबास र आदिवासी-जनजातिसँगको विशिष्ट बसोबास छ), त्यहाँ समाज र राजनीति बीचको शक्ति सम्बन्ध हरेक दशक बदलिँदै छ । पञ्चायत वा राणाकालमा जो मुखिया वा जमिन्दार हुन्थे, त्यो बिस्तारै कांग्रेस-एमालेको सरकारमा (२०४६ र २०६२/६३ पछि) बदलिए ।

पहाडमा समाज र राजनीति बीचको सम्बन्ध निरन्तर फेरिँदो छ र नयाँ किसिमले सन्तुलित हुँदै छ । तर मधेशमा त्यो स्थिर छ । मधेशमा नेताहरूले पार्टीगत राजनीतिमा आफ्नो 'पोजिसन' कायम राखेको हुनाले समाज र राजनीतिबीचको सम्बन्ध जुन रूपमा फेरिनुपर्ने हो, त्यो फेरिएन ।

त्यो नफेरिएपछि के भयो भने, पहिला एउटा जातीय समूहको नियन्त्रणमा यहाँको राजनीति थियो । २०६३ पछि यहाँको राजनीति यादव र वैश्य समुदायको नियन्त्रणमा आयो । सिके राउतले चाहिँ राजनीतिलाई त्योभन्दा पनि तल (भुइँ तहमा) लैजाने प्रयास गरेका हुन् । त्यसकारण सिके राउतको सान्दर्भिकता म मधेशको राजनीतिमा देख्दै छु ।

यसपटक चुनाव जित्ने-नजित्ने फरक कुरा हो । अघि नै मैले भनिसकेँ, जुन प्रश्न काठमाडौंमा ओली, देउवा र प्रचण्डमाथि उठ्यो, त्यो प्रश्न मधेशमा उपेन्द्र यादव र सिके राउतमाथि पनि उठेको हुनाले लहरमा उहाँहरू जित्न पनि सक्नुहुन्छ, नजित्न पनि सक्नुहुन्छ । तर गत निर्वाचनमा उहाँले पनि एउटा वेभ सिर्जना गर्नुभएको थियो, यसपटक त्यो वेभ रहेन । विभिन्न कारणले यसपटक बालेन र घन्टीको वेभ आएको छ ।

**राप्रपाको बारेमा छोटोमा भन्नुहुन्छ कि ?**

राप्रपा सबैभन्दा एन्टी करेन्ट पार्टी भयो । एउटा त राजतन्त्र मान्ने र सङ्घीयता खारेज गर्ने पार्टी । त्यसमाथि राष्ट्रिय रूपमा देशभरि सङ्गठन कमजोर भएको र चमत्कारी नेतृत्व नभएको हुनाले मान्छेले पत्याउन गाह्रो माने । सबै हिसाबले राप्रपाले प्रतिकूलता बेहोरेको छ ।

राप्रपापछि यसपटकको निर्वाचनमा सबैभन्दा बढी प्रतिकूलता बेहोरेको पार्टी एमाले हो । एमालेसँग पुरानो सङ्गठनको अस्थिपञ्जरबाहेक यसपटकको निर्वाचनमा देखाउनुपर्ने केही पनि थिएन । न नयाँ अनुहार थियो, न कुनै एजेन्डा थियो, न पार्टी पुनर्संरचना भएको थियो । जेनजी मुभमेन्टबारे पनि त्यो पार्टीको नकारात्मक धारणा थियो । यी कुनै पनि पक्ष एमालेको अनुकूल नभएको हुनाले, पुरानो पार्टी सङ्गठनको जहाँ-जहाँ अस्थिपञ्जर बाँकी छ, त्यसैको भरमा मात्र भोट आउँदै छ ।

त्यसको तुलनामा नेपाली कांग्रेस अलि राम्रो अवस्थामा पुगेको देख्दै छु । यद्यपि, लहरमा त कांग्रेस धेरै पछाडि देखिन्छ, तर एमाले र कांग्रेसको तुलना गर्दा कांग्रेस केही अगाडि छ ।

हाम्रा कुराहरू करिब सकिएका छन् । मलाई नेकपाको बारेमा थोरै जान्ने इच्छा थियो ?

नेकपा मधेशमा पहिला पनि कुनै ठूलो शक्ति होइन । यसपटकको सकारात्मक पक्ष के देखिएको छ भने, देशको मध्य र पूर्वतिर जाँदा घन्टीको एकदम बलियो लहर छ । त्यतातिर धेरै बल नगरेर नेकपाले पश्चिम पहाड र सुदूरपश्चिमतिर अलिकति फोकस गरेको हुनाले तुलनात्मक रूपमा उसको क्षति त हुन्छ, तर जोगिन सक्छ जस्तो मलाई लाग्छ । यसपटक उहाँहरूको रणनीति अलिकति फरक देखियो ।

भनेपछि पहिलो पार्टी रास्वपा नै हुने भयो । के दुई तिहाइको आसपासमा पुग्छ रास्वपा ?

अहिलेको ट्रेन्ड हेर्दा स्पष्ट बहुमत त आइगयो, त्यो त हुने नै भयो । अब दुई तिहाइ पुग्छ कि भन्ने कुरा अहिलेको प्रारम्भिक रुझान हेर्दा अनुमान गर्नु अस्वाभाविक होइन ।

**दोस्रो पार्टी कांग्रेस हुन्छ ? तेस्रोमा को हुन्छ ?**

मेरो हिसाबले दोस्रो पार्टी कांग्रेस हुनुपर्ने हो । तेस्रोमा एमाले नै हुन्छ जस्तो मलाई लाग्छ । त्यस पछाडि चौथो स्थानमा नेकपा हुन्छ । मलाई लाग्छ, यी चारबाहेक अरू राष्ट्रिय पार्टी पनि सायद नहोलान् कि जस्तो देखिन्छ । अनलाइनबाट सभार ।

वडा वासीहरुको लागि जनहितमा जारी सूचना

- आफ्नो घर आगँन सफा राखौ ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ ।
- सडक बाटोको अतिक्रमण नगरौ ।

वडा अध्यक्ष : संतोष न्यौपाने

५ नं. वडा कार्यालय,
विराटनगर महानगरपालिका,
मोरंग, कोशी प्रदेश

कर तिरौं, राजश्व बढाऔं
कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।
अन्तरिक राजश्व कार्यालय विराटनगर